मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २२० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ असार १२ गते बुधबार (Wednesday, 26 June 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. :

## १९०० शिक्षकले पार्टीको सदस्यता त्यागे

**झापा, असार ११।** पछिल्लो समय शिक्षकहरूले पार्टीको सदस्यता त्याग्न थालेका छन्। शिक्षा मन्त्रालयको निर्देशनअनुसार शिक्षकहरूले पार्टीको सदस्यता त्याग्न थालेका हुन्।

इलामका एघार सयभन्दा बढी शिक्षकले राजनीतिक दल त्यागेका छन्। शिक्षा विकास तथा समन्वय इकाई इलाममा लिखित निवेदन दिएर उनीहरूले अबदेखि आफू कुनै पनि दलमा आबद्ध नरहेको घोषणा समेत गरेका हुन्। शिक्षा मन्त्रालयको निर्देशनअनुसार उनीहरूले आफू आबद्ध दल त्यागेको निवेदन दिएको

*(बाँकी अन्तिम पृष्ठमा)*

## १३ करोड ७३ लाख ठगी

**काठमाडौं, असार ११।** कंलकी ट्रेड सेन्टरका व्यापारिक सटरहरूको स्वामित्व हस्तान्तरण गर्ने भनी विश्वास दिलाई नगद १३ करोड ७३ लाख ५२ हजार २ सय ५६ रूपैयाँ ठगी गरेको अभियोगमा काठमाडौंका विभिन्न स्थानबाट ६ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-२ लाजिम्पाट बस्ने ६८ वर्षीय नरेन्द्र बज्राचार्य, काठमाडौं महानगरपालिका-१६ बस्ने ५१ वर्षीय राजु महर्जन, ललितुपर महानगर पालिका-१० कुपण्डोल बस्ने ६२ वर्षीय राजेशकृष्ण श्रेष्ठ, पाल्पा तानसेन नगरपालिका-६ घर भई काठमाडौं महानगर पालिका-१३ बस्ने ५३ वर्षीय निरञ्जनकुमार श्रेष्ठ, कास्की रूपा गाउँपालिका-७ घर भई काठमाडौं महानगरपालिका-१५ बस्ने ५९ वर्षीय चिरञ्जीबी पौडेल र स्याङ्जा वालिङ नगर पालिका-११ घर भई काठमाडौं टोखा नगरपालिका-७ बस्ने ६१ वर्षीय शान्तिरमण पंगेनी रहेका छन्।

काठमाडौं महानगरपालिका-२२ न्यूरोडस्थित कंलकी डेभलपर मिला ल्याड डेभलपमेन्ट प्रालिका सञ्चालक समितिका अध्यक्ष नरेन्द्रसमेतले कंलकी ट्रेड सेन्टरका व्यापारिक सटरहरूको स्वामित्व हस्तान्तरण गर्ने भनी विश्वास दिलाई पीडितहरूबाट उक्त रकम लिई ठगी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो।

उनीहरूलाई जिल्ला अदालत काठमाडौंबाट ३ दिनको म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### झापा गाउँपालिका

## आन्तरिक आय न्यून, योजना महत्वाकांक्षी

**सुरेन्द्र भण्डारी**

**बिर्तामोड, असार ११।** आन्तरिक आय न्यून भएपनि झापा गाउँपालिकाले दिगो विकासका लागि महत्वाकांक्षी योजना अघि सारेको छ।

चालू आर्थिक वर्षको हालसम्म १ करोड ५५ लाख रुपैयाँ मात्र आन्तरिक राजश्व संकलन गरेको झापा गाउँपालिकाले सोमवार ४९ करोड ९० लाख रुपैयाँको बजेट सहितको नीति कार्यक्रम सार्वजनिक गरेको हो।

नेपाल सरकारबाट प्राप्त हुने बित्तीय समानीकरण अनुदान, राजश्व बाँडफाँड, त्यस्तै प्रदेश सरकारको बित्तीय समानीकरण अनुदानर राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम सहित गाउँपालिकाले बजेट सार्बजनिक गरेको हो।

आर्थिक वर्ष २०८०/०८१ मा गाउँपालिकाले आर्थिक विकासका क्षेत्रमा छुट्याएको बजेट मध्ये ३६ दशमलव ४ प्रतिशत रकम हालसम्म खर्च गरेको छ। कृषि, पर्यटन, सहकारी, जलस्रोत, पशुपंक्षी विकास र भूमि व्यवस्थाका क्षेत्रमा विनियोजन गरिएको रकम मध्ये हालसम्म ९८ लाख ३४ हजार रुपैयाँ खर्च भएको छ। चालू आर्थिक वर्षका लागि पालिकाले आर्थिक विकासका क्षेत्रमा २ करोड ७० लाख २० हजार रुपैयाँको बजेट व्यवस्था गरेको थियो।

तर, समपूरक बजेट कम आएको जनाउँदै झापा गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि आर्थिक विकासका क्षेत्रमा एक करोड ८४ लाख रुपैयाँ मात्र



बजेट विनियोजन गरेको छ। विनियोजित बजेट मध्ये सहकारी विकासका लागि ५ लाख, कृषि समूह र कृषकसँगको साझेदारीमा कृषिजन्य सामग्री खरिदका लागि २५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ। पालिकाले कृषि उपकरण खरिदमा अब ५० प्रतिशत अनुदान दिने भएको छ।

कृषि क्षेत्रमा विद्युत् विस्तारका लागि एक करोड रुपैयाँ बजेट व्यवस्था गरेको छ। कृषकलाई सिँचाई कार्यक्रमका लागि विद्युत् महसुलमा ६० प्रतिशत अनुदान उपलब्ध गराउँदै आएको गाउँपालिकाले आगामी आर्थिक वर्षदेखि ८० प्रतिशत महसुल व्यहोर्ने भएको छ। योसँगै कृषिका लागि सिँचाई गर्ने कृषकले २० प्रतिशत मात्रै महसुल बुझाउँदा हुने भएको छ। किसानलाई सिँचाईका लागि विद्युत् महसुलमा सहुलियत दिन २० लाख रुपैयाँ बजेट व्यवस्थापन गरको छ। त्यस्तै कृषि बाली तथा पशुपालन कृषकसँगको ५० प्रतिशत लागत साझेदारीमा विमा कार्यक्रमका लागि ६ लाख रुपैयाँ र कृषक तालिमका लागि मात्रै दुई लाख रुपैयाँ बजेट व्यवस्था गरेको छ।

पूर्वाधार विकास क्षेत्र अन्तरगत चालू अर्थिक वर्षका लागि १९ करोड ८० लाख ७८ हजार १ सय ८९ रुपैयाँ अनुमानित बजेट विनियोजना गरेको झापा गाउँपालिकाले हालसम्म १० करोड १० लाख ७८ हजार ४ सय ७९ रुपैयाँ खर्च गरेको छ। यो कूल खर्चको ५१ दशमलब ०२ प्रतिशत हो।

आगामी आर्थिक वर्षका लागि गाउँपालिकाले १० करोड २८ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ। चालू आर्थिक वर्षमा विनियोजित रकमबाट सातवटै वडामा वडास्तरीय योजनाका लागि ३ करोड १८ लाख रुपैयाँ, झापा गाउँपालिकाभित्र गौरवका आयोजना सञ्चालनका लागि ३ करोड ५० लाख समपूरक कोषका लागि ६५ लाख, सानातिना मर्मतका लागि ८० लाख ,

*(बाँकी अन्तिम पृष्ठमा)*

## जंगली च्याउ खाँदा तीन जनाको मृत्यु

**मकवानपुर, असार ११।** मकवानपुरमा जंगली च्याउ खाँदा एक साताको अवधिमा तीन जनाको मृत्यु भएको छ। च्याउ खाएर १६ जना बिरामी परेका छन्।

जंगली च्याउको तरकारी पकाएर खाँदा राक्सिराङ गाउँपालिका, कैलाश गाउँपालिका र मकवानपुरगढी गाउँपालिकामा गरी १९ जना प्रभावित भएका जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। ती मध्ये तीन जनाको मृत्यु भइसकेको छ।

यही असार ३ गते कैलाश गाउँपालिका -९ नामटारका बिनोद लामाको परिवारका सदस्य च्याउको तरकारी खाँदा गम्भीर बिरामी भएका थिए। बिनोदसहित परिवारका सबै बिरामी भएपछि छिमेकीहरुले उपचारका लागि शुक्रबार बिहान हेटौँडा अस्पताल ल्याए। परिवारको अन्य सदस्य उपचारपश्चात् डिस्चार्ज भए पनि उनका ४ वर्षीय छोरा दीपेश लामाको स्वस्थ्यमा भने सुधार आएन। उनलाई थप उपचारका लागि सोही दिन चितवनस्थित पुरानो मेडिकल कलेज रिफर गरियो।

उपचारत बालकको स्वाथ्यमा केही सुधार आएपछि शनिबार उनका परिवारले दीपेशलाई घर ल्याए। तर, घर ल्याउँदै गर्दा बालकको बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकावनपुरले जनाएको छ। उपचार गर्ने खर्च अभावले बालकलाई पूरै ठीक नहुँदै घर ल्याइएको हुनसक्ने स्थानीयले बताएका छन्।

यस्तै, सोही ठाउँकी २५ वर्षीया निरुमाया रुम्बाको पनि च्याउ खाएर मृत्यु भएको छ। सोही दिन बिनोदको घरमा पकाएको च्याउ खाँदा निरुमायाको मृत्यु भएको हो। उनलाई उपचारका लागि शुरुमा हेटौँडा अस्पताल ल्याइएको थियो। थप उपचारको लागि उनलाई नयाँ मेडिकल कलेज भरतपुर लगियो। तर, त्यहाँ उपचार गर्न नसक्ने भनेर आफन्तले हेटौँडा अस्पतालमै ल्याएर उपचार गराउने क्रममा सोमबार उनको पनि मृत्यु भयो। मृतक बालक दीपेश र निरुमाया काकी भजित हुन्।

*(बाँकी अन्तिम पृष्ठमा)*

## चट्याङले दुई जनाको ज्यान लियो

**झापा, असार ११।** झापाका छुट्टा-छुट्टै स्थानमा चट्याङ लागेर दुई जनाको मृत्यु भएको छ।

वर्षासँगै मंगलवार बिहान परेको चट्याङले लागेर कमल गाउँपालिका -२ स्थित समाईगढ निवासी ४६ वर्षीय राजन खड्का र गौरीगञ्ज गाउँपालिका-८ का ४२ वर्षीय लीला भनिने विकास गिरीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको हो।

खेतमा काम गर्ने क्रममा उनीहरुलाई चट्याङले लागेको थियो। चट्याङ लागेर घाइते भएका खड्कालाई उपचारका लागि आम्दा अस्पताल दमक पुऱ्याउनासाथ चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ।

त्यस्तै गिरीको गौरीगञ्ज-३ स्थित ठेकीटोल स्थित सीताराम दाहालको खेतमा धानको बीऊ छर्ने क्रममा चट्याङ लगेर घटनास्थलमै मृत्यु भएको झापा प्रहरीले जनाएको छ। घटनाका सम्बन्धमा अनुसन्धान भइरहेको बताइएको छ।

## बूढीखोलाले तीन जनालाई बगायो

**मोरङ, असार ११।** मोरङको सुन्दरहरैंचा नगरपालिका-५ गौशाला नजिकबाट बूढीखोलाले मंगलबार दिउँसो बगाएका मध्ये एक जना युवतीको शव फेला परेको छ।

एक जना वृद्धासहित दुई जना अझैसम्म बेपत्ता छन्। एक जना युवतीलाई सकुशल उद्धार गरिएको थियो। मोरङ र सुनसरीको सीमाना भएर बग्ने बूढीखोलाले बगाएर मृत्यु भएको अवस्थामा सुन्दरहरैंचा-५ की २२ वर्षीया फुदनी भनिने प्रेमकला चौधरीको शव फेला परेको मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतले बताए। उनका अनुसार अविरल वर्षासँगै बूढीखोलामा आएको बाढीले ४ जना महिलालाई दिउँसो १२:१० बजेतिर बगाएको थियो।

बगाएकामध्ये प्रेमकला मृत भेटिएकी हुन्। सुन्दरहरैंचा-४ बाट पश्चिमतर्फ सुनसरीको इटहरी उपमहानगरपालिका-४ स्थित खोला किनारमा उनको शव फेला परेको डीएसपी बस्नेतले बताए। उनका अनुसार बेपत्ता रहेका २ जनाको खोजीका लागि प्रहरी परिचालन गरिएको छ। प्रहरी र स्थानीयले बेपत्ता भएका दुवै जनाको खोजी तीव्र पारेका छन्।

खोलाले सुन्दरहरैंचा-५ की ६० वर्षीया असरादेवी चौधरी र ३० वर्षीया फूला चौधरीलाई बगाएर बेपत्ता बनाएको हो। खोजी जारी राखिएको भएपनि अझैसम्म उनीहरु फेला नपरेको डीएसपी बस्नेतले बताए।

खोलाले बगाउनासाथ सुन्दरहरैंचा-५ की २२ वर्षीया स्वस्तिका चौधरीको उद्धार गरिएको थियो। स्थानीय बासिन्दाको सहयोगमा अस्थायी प्रहरी पोस्ट बलियाले स्वस्तिकाको सकुशल उद्धार गरेको हो। सोमबार रातिदेखिको अविरल वर्षासँगै बूढी खोलामा ठूलो बाढी आएको छ। बाढी आएर पानीको बहाव उच्च भएको

*(बाँकी अन्तिम पृष्ठमा)*

## कोशीमा केदार कार्कीको रिट खारेज



**झापा, असार ११ ।** कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीको नियुक्तिविरुद्ध केदार कार्कीले दायर गरेको रिट सर्वोच्च अदालतले खारेज गरेको छ।

मङ्गलवार सर्वोच्च अदालतका न्यायाधीशहरू कुमार रेग्मी, डा. नहकुल सुवेदी र अब्दुल अजीज मुसलमान सम्मिलित तीन सदस्यीय पूर्ण इजलासले निवर्तमान मुख्यमन्त्री कार्कीले दायर गरेको रिट खारेज गरेको हो।

रिट खारेज गरेसँगै हिक्मत कार्की नेतृत्वको सरकारले निरन्रता पाएको छ। संविधानको धारा १६८ उपधारा ५ बमोजिम नै यसअघि मुख्यमन्त्री बनेका केदार कार्कीलाई समर्थन दिएका सांसदहरूले समर्थन फिर्ता लिएको ३० दिनपछि प्रदेश प्रमुख पर्शुराम

*(बाँकी अन्तिम पृष्ठमा)*

## चुच्चे नक्सा : चीनले किन मान्यता दिएन ?

**बिर्तामोड, असार ११।** नेपाल र चीनका परराष्ट्र सचिवस्तरीय कूटनीतिक परामर्श संयन्त्रमा अघिल्लो वर्ष बेइजिङले आफ्नो नक्सा जारी गर्दा कालापानी, लिपुलेक र लिम्पियाधुरालाई नेपाली भूभागका रूपमा नदेखाएको मुद्दा अधिकारीहरूले उठाउनुपर्ने परराष्ट्र मामिलाका विज्ञहरूले बताएका छन्।

उक्त संयन्त्रको बैठकमा सहभागी हुन चिनियाँ उपमन्त्री सुन वेदुङ तीन दिने भ्रमणमा सोमवार काठमाण्डौ आइपुगेका छन्। नेपालले आफ्नो दाबी गरेको भूगोललाई सम्बोधन नगरी चीनले उसको नक्सा जारी गरे यता पहिलो पटक परराष्ट्र सचिव स्तरीय संयन्त्रको बैठक बस्न लागेको हो।

यो संयन्त्रको बैठक बस्नुअघि बेइजिङमा नेपाल र चीनका नानी सम्बन्धी अधिकारीहरूको छलफल भएको थियो। जसको निष्कर्ष अधिकारीहरूले सार्वजनिक गरिसकेका छैनन्।


एक जना सीमाविद्ले सन् २०१२ देखि नेपाल चीन सीमा क्षेत्रको संयुक्त अनुगमन दुई देशका अधिकारीले नगरेको र सीमा स्तम्भहरूको मर्मत सम्भारको काम पनि हुन नसकेको जनाएका छन्।

**चीनसँग 'चुच्चे नक्सा'बारे कुरा राख्न किन जरुरी**

कश्मीरको स्वतन्त्र हैसियत खारेज गर्ने क्रममा अद्यावधिक गरिएको आफ्नो राजनीतिक नक्सामा भारतले कालापानी क्षेत्रलाई समेटेपछिको प्रतिक्रियास्वरूप नेपालले सन् २०२० मा कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्र समेटिएको नक्सा जारी गरेको थियो।

सन् १८१६ मा तत्कालीन ब्रिटिश इन्डिया र नेपालबीच भएको सुगौली सन्धिले महाकाली नदीलाई सीमा नदी मानेको भन्दै भारतले ती भूभाग आफ्नो भएको बताउँदै आएको छ। नेपालको संसद्ले उक्त नक्सा अनुमोदन गरेपछि नेपाल-भारत सम्बन्धमा तिक्तता देखा परेको थियो र दुवै देशले वार्तामार्फत् सीमा विवाद हल गर्ने प्रतिबद्धता जनाएपछि त्यो बिस्तारै सामान्य अवस्थामा फर्किएको थियो।

तर काठमाण्डौं र दिल्लीबीच उक्त नक्सा विवादबारे वार्ता हुन नसकिरहेका बेला गएको वर्ष बेइजिङले आफ्नो देशको राजनीतिक नक्सा सार्वजनिक गरेको थियो। जसमा नेपालको नक्सामा अद्यावधिक गरिएका स्थानहरूलाई नेपाली भूभागका रूपमा देखाइएको छैन। त्यसो हुनुमा नेपालको कूटनीतिक कमजोरी रहेको ठहर




रहेको बताउने गरेका विज्ञहरूले नेपालले चीनलाई आफ्नो नयाँ नक्सालाई मान्यता दिन अनुरोध गर्नुपर्ने र चीन-भारत-नेपाल त्रिदेशीय सीमाविन्दु निर्धारण गर्ने प्रयास अघि बढाउनुपर्ने ठान्छन्।

एक जना सीमाविद् बुद्धिनारायण श्रेष्ठले भने -हालै चीन गएको नापी विभागको महानिर्देशक नेतृत्वको टोलीले पनि यो कुरा राख्नै पर्थ्यो, त्यो राखेको सञ्चारमाध्यममा आएन। दुई देशका परराष्ट्र सचिवहरूबीच वार्ता हुँदैछ, यो चुच्चे नक्साको कुरा त्यहाँ राख्नै पर्छ र सीमा व्यवस्थापनको विषयमा नै बढ्ता केन्द्रित हुनुपर्छ। नेपालको नापी विभाग र चीनको डिपार्टमेन्ट अफ बाउन्ड्री एण्ड ओसियन अफेयर्सका अधिकारीहरूले नेतृत्व गरेको संयुक्त विज्ञ समूहको बैठक अघिल्लो साता बेइजिङमा भएको थियो। उक्त बैठकमा सहभागी नापी विभागका प्रवक्तासँग जानकारी लिने प्रयास गरेको भएपनि कूटनीतिक विषयमा जानकारी दिने अख्तियारी आफूसँग नभएको जबाफ उनले दिएका थिए। उक्त संयन्त्रमा भएका कतिपय छलफल दुई देशका परराष्ट्र सचिव स्तरीय बैठकमा प्रस्तुत हुने ठानिएको छ।

सीमाविद् श्रेष्ठका अनुसार 'नक्साङ्कन' सम्बन्धी सीमासँग जोडिएका सवालहरू नापी विभागका महानिर्देशक नेतृत्वको टोलीले हेर्ने र सीमा व्यवस्थापनजस्ता जनजीवनसँग जोडिएका समस्याहरू परराष्ट्र सचिवस्तरीय संयन्त्रमा छलफल हुने गर्छ। सीमाविद् श्रेष्ठले चुच्चे नक्साको मुद्दा उठाउँदा त्रिदेशीय सीमाविन्दु निर्धारण गर्नुपर्ने प्रस्ताव पनि चीनलाई राख्नुपर्ने बताए। उनको भनाइ छ - सन् १९६१-६२ मा सीमाङ्कन गर्दा हाम्रो टिङ्कर भञ्ज्याङबाट पूर्वतर्फमात्रै सीमाङ्कन गरियो। त्रिदेशीय विन्दु टुङ्गो लागेको छैन, त्यो ऐतिहासिक दस्तावेज, नक्सा लगायतका आधारमा टुङ्गो लगाउनुपर्छ भनेर नेपालले चीनसँग प्रस्ताव राख्नुपर्छ। अनि त्यो प्रमाण अनुसार नेपालले जुन चुच्चे नक्सा बनाएको छ, चीनको नक्साको आउँदो संस्करणमा त्यो देखाई दिनुहोला भनेर हामीले अनुरोध गर्नुपर्छ। सन् २०२३ मा चीनले आफ्नो नक्सा जारी गर्दा अरुणाञ्चल प्रदेश र अक्साइ चीन क्षेत्रलाई चिनियाँ भूभागका रूपमा देखाएको भन्दै भारतले विरोध जनाएको थियो।

चीनले सो नक्सालाई आफ्नो सार्वभौमसत्ताको अभ्यासको रूपमा बताएको थियो। बेइजिङले जारी गरेको चीनको नक्साप्रति सार्वजनिक रूपमा असन्तुष्टि जनाउनेमा काठमाण्डौ महानगरका प्रमुख बालेन्द्र शाह (बालेन) पनि थिए।

उनले सामाजिक सञ्जाल एक्समा लेखेको पोस्टमा नेपाललाई नसोधी नेपालको भूभाग भारतको देखाउनु 'गलत' भएको भन्दै उनले चीनको निम्तोमा हुन लागेको ५ दिने भ्रमण रद्द गरेको उल्लेख गरेका थिए।

चीनका लागि पूर्व राजदूत राजेश्वर आचार्य नेपालले आफ्नो नक्साका बारेमा परराष्ट्र सचिव स्तरीय संयन्त्रमा खुलेर कुरा गर्नुपर्ने बताउँछन्। उनले भने -कालापानी, लिपुलेक र लिम्पियाधुरा चीनले नक्सामा हाम्रोपट्टि पारेन। त्यसको अर्थ भारततर्फ पारिदियो। त्योभन्दा अघि भारतका

*(बाँकी अन्तिम पृष्ठमा)*

# जन्मोत्सबमा व्यवसायी राहत कोषमा सहयोग



**झापा, असार ११ ।** बिर्तामोड उद्योग बाणिज्य संघले स्थापना गरेको 'ब्यवसयिक राहत कोष'का लागि व्यवसायी दिनेश श्रेष्ठले एघार हजार एक सय ११ रुपैयाँ प्रदान गरेका छन् ।

बिर्तामोड उद्योग बाणिज्य संघका सदस्यसमेत रहेका श्रेष्ठले आफ्नो जन्म दिनको अबसर पारेर संघका अध्यक्ष राजु न्यौपाने र महासचिव कुशल खतिवडालाई रकम प्रदान गरेका हुन् ।

संघले एक करोड रुपैयाँ बरावरको ब्यवसायी राहत कोष स्थापना गरेको छ । व्यवसायी राहत कोष स्थापना भएसँगै सामाजिक व्यक्तित्व तथा व्यवसायीहरुले जन्मोत्सव तथा विभिन्न अवसरमा रकम प्रदान गर्दै आएका छन् ।

सोही क्रममा श्रेष्ठले जन्मोत्सवमा गरिने फजुल खर्चलाई कटाएर कोषमा सहयोग रकम उपलब्ध गराएको बताए ।

# अटोको ठक्करबाट पैदलयात्रीको मृत्यु

**झापा, असार ११।** झापाको सुरुङ्गामा अटोको ठक्करबाट एकजना पैदलयात्रीको मृत्यु भएको छ । कनकाई नगरपालिका -३ स्थित पक्की सडकखण्डमा भएको दुर्घटनामा परी सोही ठाउँ निवासी ६० वर्षीय ओमप्रकाश भेट्वालको मृत्यु भएको हो ।

कनकाई नगरपालिका -३ स्थित पशुपति बोर्डिङनजिक सुरुङ्गा -झापा भित्री पक्की सडकखण्डमा मदरगाछीबाट सुरुङ्गा आउँदै गरेको प्र.१-०१-००१ह. ७७३८ नम्बरको अटोले पैदलयात्री भेट्वाललाई बाटो क्रस गर्ने क्रममा ठक्कर दिई घाइते बनाएको थियो । घाइतेलाई उपचारका लागि बिर्तामोडस्थित बिर्तासिटी अस्पतालमा उपचारका लागि भर्ना गरिएको थियो । उनको उपचारका क्रममा मृत्यु भएको हो ।

अटो र चालक कन्काई -५ मदरगाछी बस्ने ४२ वर्षीय टीकाराम उप्रेतीलाई इलाका प्रहरी कार्यालय सुरुङ्गाले नियन्त्रणमा लिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

## चुच्चे ...

प्रधानमन्त्री मोदी र चिनियाँ राष्ट्रपति सीले लिपुलेक पासबाट नाका खोलेर व्यापार गर्ने भन्ने कुरा गरे। यसले गर्दा हामी नेपालीहरूको मन दुखेको छ भनेर हामीले उनीहरूलाई भन्न सक्नुपर्छ ।

पूर्व राजदूत आचार्यका विचारमा स्थापित कूटनीतिक संयन्त्र र अधिकारीहरूको तहमा यस्ता विषयहरू राख्न सकिए तीनले परिणाम दिन सक्छन् । उनी भन्छन -यस्तो संयन्त्रमा आउने कूटनीतिक अधिकारीहरूसँग गहन रूपमा तथ्याङ्क राखेर कुराकानीहरू गर्न सकिन्छ । यस्ता बैठकमा छलफल गर्नेहरूसँग समय पनि हुन्छ, ठूला नेतासँग त्यत्ति समय पनि हुँदैन । त्यहाँको विदेश मन्त्रालयलाई हामीले विश्वासमा लिन सक्यौं भने हाम्रा धेरै अप्ठेराहरू फुक्न सक्छन् ।

तत्कालीन केपी ओलीको सरकार शक्तिमा रहँदा नेपालको संसद्ले सर्वसम्मत रूपमा चुच्चे नक्सालाई अनुमोदन गरेको थियो । तर सो सरकारले उक्त नक्सा जारी भएपछि त्यो राष्ट्रसङ्घसहितको अन्तर्राष्ट्रिय समुदायलाई जानकारी नगराएको भन्दै अघिल्लो वर्ष संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध समितिमा प्रश्नहरू उठेका थिए ।

**नेपाल र चीन सीमा समस्याबारे के भन्ने गर्छन् ?**

नेपाल र चीनले दुई देशबीच सीमा विवाद नरहेको बताउने गरेको पाइन्छ । सन् २०२२ मा नेपाल सरकारको एउटा प्रतिवेदनमा चीनले हुम्लामा नेपाली भूभागमा स्थायी नहर बनाउने प्रयास गरेको दाबी गरिएको थियो ।

नेपाल सरकारको गृहमन्त्रालयले आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदनमा चिनियाँ पक्षले नेपाली भूमि अतिक्रमण गरी एकपक्षीय रूपमा एउटा भौतिक संरचना निर्माण गर्दा सशस्त्र प्रहरी बलले रोक लगाएको उल्लेख गरिएको छ । नापी विभागका पूर्व महानिर्देशक बुद्धिनारायण श्रेष्ठ दोलखा जिल्लाको लामाबगरभन्दा उत्तरमा अवस्थित कोर्लाङपारिको टिप्पामा गाडिनुपर्ने ५७ नम्बरको सीमा स्तम्भ त्यहाँ नहुँदा नेपालतर्फको भूभाग मिचिएको बताउँछन् । उनले भने,-खम्बा नगाडिएर भिरालो चट्टानलाई मार्कर ५७ भनिएको हुनाले नेपालतर्फको लगभग ६ हेक्टर जमिन मिचिएको छ। यो दुई देशबीच कुराकानी भइरहेको छ । यसबारे टुङ्गोमा पुग्नपुर्ने अवश्यकता छ ।

त्यसबाहेक हुम्लाको लिमी नाम्खा, गोर्खाको रिऊ र संखुवासभाको किमाथाङ्कामा पनि सीमाबारे समस्या रहेका विवरणहरू आउने गरेका भन्दै त्यहाँका स्थानीय बासिन्दालाई आश्वस्त तुल्याइनुपर्ने उनको भनाइ छ ।

**त्रिदेशीय सीमा विन्दुको छिनोफानो**

सन् १९६० को प्रारम्भमा नेपाल र चीनले सीमाङ्कन गर्दा पूर्व क्षेत्रमा पनि त्रिदेशीय विन्दु निर्धारण गरेका थिएनन् । पूर्वतर्फ ताप्लेजुङको उत्तर, सिक्किम अनि तिब्बत भेटहुने उक्त विन्दु झिनसाङ चुलीमा पर्ने सीमाविद् श्रेष्ठजस्ता अध्येताहरूको भनाइ छ ।

नेपाल र चीनबीच पश्चिमतर्फ टिङ्कर भञ्ज्याङमा एक नम्बर सीमा स्तम्भ र पूर्वमा टिप्तला भञ्ज्याङ्मा ७९ नम्बर सीमा स्तम्भ स्थापना गरिएको छ । उक्त ७९ नम्बर सीमा स्तम्भबाट ३४ किलोमिटर पर अवस्थित झिनसाङ चुलीसम्म सीमास्तम्भ गाडिएको पनि छैन। त्रिदेशीय विन्दु पनि स्थापना गरिएको छैन । यो निर्क्योल गर्न अब नेपालले अग्रसरता लिनुपर्छ । त्रिदेशीय सीमा विन्दु निर्धारणका लागि नेपाल, भारत र चीनका सीमा आधिकारीहरूले संयुक्त ढङ्गले टुङ्गोमा पुग्नुपर्ने हुन्छ । भारत र चीनबीच कटुतापूर्ण सम्बन्ध रहेकाले त्यस्तो प्रयासले तत्कालै सार्थकता पाउने धेरैले विश्वास गर्दैनन् ।

**बीआरआई कार्यान्वयनबारे होला कुनै निर्णय ?**

चीनले बीआरआई अन्तर्गतको सहकार्यलाई आफ्नो विदेश नीति सञ्चालनको एउटा महत्वपूर्ण अङ्ग बनाएको छ । चिनियाँ एक्जिम ब्याङ्कको ऋणमा निर्मित पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको ऋण तिर्न सङ्घर्ष गरिरहेको काठमाण्डौले ऋणभन्दा अनुदानमा आधारित परियोजनाको पक्षमा आफू रहेको बताउने गरेको छ । पूर्व राजदूत आचार्यले बीआरआईबारे देखिएको अस्पष्टता सम्बोधन गर्ने हिसाबले दुई देशका अधिकारीहरूले छलफल गर्नुपर्ने बताए ।

त्यसबाहेक पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई 'सेत्तो हात्ती बन्न नदिन' अवलम्बन गर्न सकिने उपायहरूबारे पनि छलफल गरिनुपर्ने उनको सुझाव छ । नेपाल र चीनबीच हिमालय श्रृङ्खलाहुँदै अघि बढ्ने १४ सय १४ किलोमिटर सीमा क्षेत्र छ । आफ्नो संवेदनशील तिब्बत पठारसँग नेपालको सीमाना जोडिएकाले चीनले काठमाण्डौसँगको सम्बन्धलाई सुरक्षाका दृष्टिले उच्च महत्व दिने गरेको परराष्ट्र मामिलाका कैयौँ विज्ञहरू बताउँछन् ।

नेपालले एक चीन नीतिप्रति आफू सदैव प्रतिबद्ध रहेको बताउने गरेको छ र चीन विरोधी कुनै पनि गतिविधि आफ्नो भूमिमा हुन नदिने बताउने गरेको पाइन्छ । गएको वर्ष प्रधानमन्त्री प्रचण्डले चीनको भ्रमण गर्दा उनले 'एक चीन सिद्धान्त'प्रति प्रतिबद्धता जनाएका थिए । त्यस क्रममा नेपाली पक्षले ताइवान चीनको भूगोलको अविच्छिन्न अङ्ग भन्दै ताइवान स्वतन्त्रताको विपक्षमा आफू रहेको धारणा राखेको थियो । नेपालमा सरकार अस्थिर रहँदा कूटनीतिक र राजनीतिक नेतृत्वले भारत र चीनजस्ता छिमेकी देशहरूसँग दह्रोसँग संवाद गर्न नसकेको र त्यसले मुलुकलाई दुवै छिमेकी देशसँगका सवालमा अनिर्णयको बन्दी बनाएको धेरै विज्ञहरू ठान्छन् ।

## जंगली ...

यस्तै, आइतबार साँझ राक्सिराङ गाउँपालिका -७ दुदुवाङ बस्ने बलबहादुर प्रजाले जंगलबाट ल्याएको च्याउ पकाएर खाँदा उनको पनि मृत्यु भयो । आइतबार साँझको खानामा परिवारका सबै सदस्य सँगै बसेर च्याउको तरकारी खाएका थिए । उनको भरतपुर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । उनको परिवारका अन्य ४ सदस्यको अहिले पनि भरतपुर अस्पतालमै उपचार भइरहेको प्रहरीले जनाएको छ । बलबहादुरकी श्रीमती ४५ वर्षीया जालिमाया प्रजा, छोरी १५ वर्षकी रेञ्जु प्रजा, अर्की छोरी ८ वर्षकी सबिना प्रजा र छोरा १० वर्षका सुशल प्रजाको अवस्था अझै पूर्ण रुपमा सुधार भइसकेको छैन ।

मकवानपुरमा च्याउ खाएर बिरामी भएका १९ जनामध्ये ८ जना डिस्चार्ज भएका जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिए । उनका अनुसार ८ जनाको अहिले पनि विभिन्न अस्पतालमा उपचारत चलिरहेको छ ।

## आन्तरिक...

स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ७० मा व्यवस्था भए अनुरुप आकस्मिक कोषका लागि ४५ लाख, विपन्न आवास कार्यक्रमका लागि ८० लाख रुपैयाँ बजेट विनियोजना गरेको गाउँपालिकाले अस्पताल भवन तथा संरचना निर्माणका लागि ५० लाख रुपैयाँ बजेटको व्यवस्था गरेको छ। त्यस्तै वारुणयन्त्र खरिदका लागि २५ लाखर डीपीआर लगायतका परामर्श सेवाका लागि १५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ ।

सामाजिक विकास क्षेत्रका लागि २७ करोड रुपैयाँ विनियोजन गरेको गाउँपालिकाले हालसम्म ६२ दशमलव ७७ प्रतिशत रकम खर्च गरेको छ । हालसम्म १७ करोड २४ लाख ६१ हजार ७ सय ७९ रुपैयाँ खर्चको गाउँपालिकाकी कार्यवाहक अध्यक्ष समेत रहेकी उपाध्यक्ष अञ्जुदेवी थपलियाले बताइन् ।

सामाजिक विकास क्षेत्रका लागि गाउँपालिकाले आगामी आर्थिक वर्ष शिक्षा विकासका लागि २० लाख, विद्यालयको भौतिक सुधार तथा व्यवस्थापन एवम् जनता, डिल्लीराज र जनकल्याण माविमा निःशुल्क प्लस टुसम्मको शिक्षा प्रदान गर्न ७० लाख, नौ कक्षामा अध्ययनरत् छात्रछात्रालाई साइकल वितरण गर्नका लागि ३० लाख, उच्च शिक्षामा प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थी तथा प्रत्येक माध्यमिक विद्यालयबाट एसईईमा उत्कृष्ट अंक ल्याउने सन्थाल समुदायका १/१ जना छात्रछात्रालाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमका लागि १० लाख, स्थानीय पाठ्यक्रम निर्माण तथा व्यवस्थापन गर्नका निम्ति १० लाख र झापा नमूना क्याम्पस सञ्चालन गर्नका लागि रु. १० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ ।

त्यसैगरी बाल शिक्षक तथा विद्यालय कर्मचारीलाई नेपाल सरकारबाट प्राप्त हुने पारिश्रमिक रकममा थप गर्न ७१ लाख, मदरसामा अध्यापन गराउने शिक्षकको पारिश्रमिकका लागि . ४१ लाख ४० हजार रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

**३५ दिनभित्र ४००० ले गरे जन्मदर्ता**

झापा गाउँपालिकाले सुत्केरी भएको ३५ दिनभित्र नवजात शिशुको जन्मदर्ता गराए चार हजार रुपैयाँ उपलब्ध गराउने भएको छ । बालबालिकालाई बालपोषण तथा सुत्केरी सहायताका लागि भन्दै चार हजार रुपैयाँ सहयोग गर्ने नीति लिएको छ। जसका लागि २० लाख रुपैयाँ बजेट व्यवस्थापन गरिएको छ ।

३५ दिनभित्र जन्मदर्ता गर्ने दलित बालबालिकातर्फ जन्मदर्ता प्रोत्साहनका लागि ५० हजार, विभिन्न दिवस तथा अन्य कार्यक्रमका लागि रु. ५० हजार, बालमैत्री गाउँपालिका घोषणा तथा बाल लक्षित कार्यक्रमका लागि पालिकाले ३ लाख बजेट विनियोजन गरेको छ ।

त्यस्तै ८४ वर्षमाथिका ज्येष्ठ नागरिक तथा ६० वर्ष माथिका विधुर एकल ज्येष्ठ नागरिकलाई सम्मान प्रदान गर्न तथा सबै धर्म, वर्ग, लिंङ्ग, क्षेत्रका ज्येष्ठ नागरिकको भ्रमण तथा तीर्थयात्रा कार्यक्रमका लागि एकमुष्ठ रु. २० लाख विनियोजन गरेको छ ।

अपांग सशक्तिकरण कार्यक्रम तथा अपाङ्गता केन्द्रको कार्यालय व्यवस्थापनका लागि ५ लाख बिभिन्न धर्म, परम्परा, संस्कारको जगेर्ना गर्न रु. १० लाख रकम विनियोजन गरिएको छ ।

झापा गाउँपालिकाका स्थायी बासिन्दाहरूलाई सर्पदंश तथा छाडा कुकुरको टोकाइमा निःशुल्क उपचार सहायता प्रदानका लागि रु. ५ लाख र झापा गाउँपलिकाबासीलाई निः शुल्क रक्त सहायता कार्यक्रमका निमित्त रु. ४ लाख विनियोजन गरिएको छ । मृत्यु संस्कार कार्यक्रममा प्रदान गर्दै आएको रु. १७ हजार मा रु. ३ हजार वृद्धि गरी रु. २० हजारका दरले प्रदान गर्न रु. ५० लाख रकम विनियोजन गरिएको छ । यो सुविधा लिन नचाहने झापा गाउँपालिकाबासी मृतकका परिवालाई स-सम्मान समवेदना प्रकट गरिने कार्यक्रम नीति तथा कार्यक्रममा उल्लेख छ ।

झापा गाउँपालिकामा स्थायी रुपले बसोबास गरेका मासिक ५० युनिटभन्दा कम विद्युत् खपत गर्ने विपन्न वर्गका घर परिवार को विद्युत् महसुल स्थानीय सरकारले बेहोर्ने व्यवस्था मिलाइएको छ । त्यसका लागि रु. ५० लाख रुपैयाँ विनियोजन गरिएको छ । झापा गाउँपालिकाबासीलाई विद्युतीय सामग्रीको पहुँच अभिवृद्धिका लागि ५० प्रतिशत साझेदारीमा इन्डक्सन चुल्हो खरिद तथा वितरणका लागि रु. २० लाख विनियोजन गरिएको छ । गाउँपालिकाले सामाजिक विकासका लागि भन्दै आगामी आर्थिक वर्ष ५ करोड ७४ लाख २० हजार बजेट विनियोजन गरेको छ ।

**गाउँपालिकामा सात गौरवका आयोजना**

झापा गाउँपाालिकाले सातवटा गौरवका आयोजनाका लागि साढे तीन करोड रुपैयाँ बजेट विनियोजन गरेको छ ।

विनियोजित बजेट मध्ये सालमारादेखि सितुमारीसम्म सडक कालोपत्रे गर्ने , हुलाकी सडक पिताम्बरको घरदेखि कुमरखोद स्वास्थ्य चौकीसम्म सडक कालोपत्रे गर्ने, भानुभक्त विद्यालय चोकदेखि अमरपथसम्म तथा कामाटोली बजारदेखि वडा कार्यालय र गापा प्रशासकीय भवनसम्म सडक कालोपत्रे गर्ने रहेको छ । त्यस्तै हुलाकी सडकदेखि दक्षिण पेचकारवस्तीको सीमाना बाँसवारी हुँदै बच्चुटोलसम्म कालोपत्रे, हुलाकी सडक पन्थापाडादेखि दक्षिण भीम गणेशको गाउँ विष्णु चोक हुँदै पश्चिम आधारभूत स्वास्थ्य केन्द्रसम्म कालोपत्रे, अमरपथ सडक हेमाराईको घरदेखि पूर्व भित्री गाउँ हुँदै किरात चोकसम्म कालोपत्रे, मदरगाछ बजारदेखि जनमघुटु हुँदै ७ नं. वडा कार्यालयसम्म सडक कालोपत्रे गर्ने कार्यका लागि ५० /५० लाख रुपैयाँ बजेट व्यवस्था गरिएको छ ।

गुणस्तरीय शिक्षा, स्वच्छ खानेपानी, मर्यादित जीवन, समावेसी र सुशासनयुक्त गाउँपलिका निर्माण गर्ने लक्ष्य सहित आर्थिक वर्ष २०८१/०८२ का लागि गाउँपालिकाले नीति तथा कार्यक्रम ल्याएको गाउँपालिका उपाध्यक्ष तथा कार्यवाहक अध्यक्ष थपलियाको भनाइ छ ।

**झापामा जिरो होम डेलिभरी कार्यक्रम**

स्वास्थ्यका क्षेत्रमा झापा गाउँपालिकाका गर्भवती महिलालाई जिल्लाभरीका अस्पतालसम्म लैजान/ल्याउनका लागि निःशुल्क एम्बुलेन्स सेवा (जिरो होम डेलिभरी) प्रदान गर्नका लागि १९ लाख ६४ हजार रुपैयाँ बजेट व्यवस्था गरि एको छ । गर्भवती महिला र नवजात शिशुको स्वास्थ्यलाई मध्यजनर गर्दै यो कार्यक्रम ल्याएको बताइएको छ ।

अस्पताल तथा स्वास्थ्य सेवा सञ्चालनका लागि रु. १० लाख, विपन्न नागरिकहरूलाई स्वास्थ्योपचार सहायता प्रदान गर्नका लागि जनता उपचार कोषमा रु. ५ लाख, महिला स्वास्थ्य स्वयम् सेविकालाई कार्यसम्पादनमा आधारित ३००० मासिक प्रोत्साहन प्रदान गर्न रु. ११ लाख १६ हजार विनियोजन गरिएको छ ।

गाउँपालिकामा स्थायी बसोबास गर्ने नागरिकलाई सुगर, प्रेसर लगायतका दीर्घरोगहरूको निःशुल्क स्वास्थ्य विमा कार्यक्रमका लागि १० लाख विनियोजन गरेको गरिएको छ ।

## कोशीमा ...

खापुङले नयाँ सरकार गठनको आव्हान गरेका थिए ।

उपधारा ५ बमोजिम मुख्यमन्त्रीमा नियुक्त भएका हिक्मतकुमार कार्कीविरुद्ध निवर्तमान मुख्यमन्त्री केदार कार्कीले २०८० वैशाख २७ मा सर्वोच्चमा रिट हालेका थिए ।

## बूढीखोला ...

खोलामा माछा मार्न र दाउरा टिप्न स्थानीय महिलाहरु गएका थिए । असावधानीपूर्वक माछा मार्ने र दाउरा बटुल्ने क्रममा महिलाहरुलाई बाढीले बगाएको हो ।

## ११०० ...

इलामस्थित शिक्षा विकास तथा समन्वय इकाईले जानकारी दिएको छ । इलाममा दुई हजार दुई सय ८२ शिक्षक दरबन्दी रहेकामा दुई हजार दुई सय ५२ कार्यरत छन् ।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**




बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**PRIME COMMERCIAL BANK LTD.**
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय : विर्तामोड, झापा
फोन नं.: ०२३-५३५०३१

को

**शाखा कार्यालय विर्तामोड, झापाको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति २०८१/०३/१२ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय विर्तामोड, झापाबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०८१/०१/२४ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

प्रदेश सरकार, प्रदेश नं १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुर, झापामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७६/०१/२५ मा दर्ता नं. ९१७/२५२/१६०१५ कायम भई दर्ता भएको झापा जिल्ला, अर्जुनधारा न.पा. वडा नं. ११ स्थित प्याराडाईज होटल एण्ड लज
प्रोपाइटर : देव नारायण राजवंशी

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. भवकलाल राजवंशीको नाति, खड्ग नारायण राजवंशीको छोरा, झापा जिल्ला, पथरिया गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **देवनारायण राजवंशी (ना.प्र.प.नं. ०४१०२७/३०१, झापा)**
२. खड्ग नारायण राजवंशीको बुहारी, देवनारायण राजवंशीको पत्नी, झापा जिल्ला, पथरिया गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **सुशिला राजवंशी (ना.प्र.प.नं. ०४-०१-७०/१८९३१, झापा)**
३. लिला राजवंशीको नाति, भवकलाल राजवंशीको छोरा, झापा जिल्ला, पथरिया गा.वि.स./न.पा. वडा नं.७ स्थित स्थायी ठेगाना भएको **खड्ग नारायण राजवंशी (ना.प्र.प.नं. ०४४०७९२०९४४, झापा)**
४. भवकलाल राजवंशीको बुहारी, खड्ग नारायण राजवंशीको पत्नी, झापा जिल्ला, कचनकवल गा.पा/न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **हुम्को राजवंशी (ना.प्र.प.नं. ७०७२०९६२, झापा)**
५. भवकलाल राजवंशीको नाति, खड्ग नारायण राजवंशीको छोरा, झापा जिल्ला, कचनकवल गा.पा/न.पा. वडा नं. ३ स्थित स्थायी ठेगा[redacted] **लेख नारायण राजवंशी (ना.प्र.प.नं. ७०७२५१/१, झापा)**
६. खड्ग नारायण राजवंशीको बुहारी, लेख नारायण राजवंशीको पत्नी, झापा जिल्ला, पाठामारी गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगा[redacted] **पुनम राजवंशी (ना.प्र.प.नं. ४५९५१७३९, झापा)**

**धितोमा रहेको सम्पतिको विवरण**

देव नारायण राजवंशीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेस्ता कायम रहको झापा जिल्ला[redacted] गा.वि.स./न.पा. वडा नं. ७ स्थित कित्ता नं. ८३७, ८३८ र ८४४ को क्रमशः क्षेत्रफल ४४५.००, ५२९०.०० र २३४०.०० ([redacted] तथा [redacted] चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

**नोट: यो सूचना मिति २०८१/०३/१२ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशित गरिएको छ।**

**धितो लिलामी बिक्रीका शर्तहरु :**

१. बोलपत्र आवेदन फारम मिति २०८१/०३/१२ गते बुधबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, का[redacted]ा कर्जा अ[redacted]ग तथा शाखा कार्यालय विर्तामोड, झापाबाट प्राप्त गर्न सकिनेछ।
२. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफुले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (द[redacted]ुने रकम [redacted]को Inter Department A/C LRD (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा [redacted]ामामा शि[redacted]क, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।
३. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदा[redacted]व्यक्ति भए[redacted]ोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तित्वनामा, [redacted]मितिको [redacted]र्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
४. शिलबन्दी बोलपत्र मिति २०८१/०३/२६ गते बुधबार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय विर्तामोड, [redacted]ाईसक्नु पर्[redacted]ाद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
५. शिलबन्दी बोलपत्र मिति २०८१/०३/२७ गते बिहिबार दिउँसो ४:०० बजे यस बैंकको शाखा कार्यालय विर्तामो[redacted]बोलपत्रदाता[redacted]ले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा नि[redacted]धिहरुको अ[redacted]ले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै [redacted]ुलेको दिन[redacted]त्र खोलिनेछ ।
६. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भि[redacted]मा नगद दा[redacted]री धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने [redacted] एवं नामस[redacted]ल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले व्यहोर्नु [redacted]
७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र [redacted]एमा प्रस्ताव[redacted]ाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय विर्तामोड, झापाबाट भुक्तानी गरिनेछ । [redacted]मा कुनै ब्याज प्रदान गरिने छैन ।
८. धितो सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने [redacted]न्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
९. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थि[redacted]ुली विभाग तथा शाखा कार्यालय विर्तामोड, झापामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी [redacted]: एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युट[redacted]या/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gm[redacted]

पूर्वाञ्चल

## सम्पादकीय


# बजेट कार्यान्वयनमा लाग

**झापाका स्थानीय तहले आर्थिक वर्ष २०८१/०८२ का लागि बजेट सार्वजनिक गरेका छन् । कुनै पनि सरकारले आगामी कार्यदिशा नीति तथा कार्यक्रममार्फत सार्वजनिक गर्छन् । त्यही नीति र कार्यक्रम अनुसार आगामी वर्षका लागि कुन क्षेत्रको विकासमा के–कसरी योजना र कार्यक्रम सञ्चालन गर्ने भन्ने बजेटमार्फत प्रतिबद्धता जाहेर गरिन्छ । यो नियमित र क्रमागत परम्परा नै हो । त्यस हिसाबले हाम्रो संविधानले नै तीनवटै तहका सरकारले आफूद्वारा सम्पादन गरिने कार्यक्रमहरुको विवरण सार्वजनिक गर्ने समय नै निर्धारण गरेको छ । संघीय सरकारको बजेट सार्वजनिक भए लगत्तै प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेट सार्वजनकि गरेका थिए भने तेस्रो चरणमा स्थानीय सरकारले बजेट सार्वजनिक गरेका हुन् ।**

**झापाका पन्ध्र मध्ये गौरीगञ्ज गाउँपालिका बाहेक अरु सबैले बजेट सार्वजनिक गरे । ती मध्ये मेचीनगरको बजेट सर्वाधिक अर्थात् दुई अर्ब पाँच करोड रुपैयाँको रहेको छ । त्यस्तै गाउँपालिकातर्फ हल्दिबारीले सबैभन्दा ठूलो अर्थात् ८४ करोड ८९ लाखको बजेट ल्याएको छ । बजेट भनेको गत आर्थिक वर्षका आर्थिक गतिविधिको अभिलेख, चालू वर्षको चित्रण र आगामी वर्षको कार्यक्रमको अनुमानित प्रक्षेपण हो । यस अर्थमा कुनै पनि सरकारले सामान्यतयाः एक आर्थिक वर्षका लागि तयार गरेको आय र व्ययको अनुमानित विवरण हो । यसका लागि तत्कालीन तथा दीर्घकालीन आवश्यकता  र उपलब्ध हुन सक्ने स्रोतसाधनको अवस्थालाई ध्यान दिनु पर्छ ।**

**बजेट त्यसकारण सरकारको वार्षिक कार्ययोजना र कार्यक्रम हो । यसको निर्माण गर्दा असन्तुलित खर्च नियन्त्रण गर्दै जवाफदेहितालाई पनि मध्यनजर गर्नुपर्छ । स्थानीय सरकारले पनि कार्यक्रम कार्यान्वनय गर्न आर्थिक स्रोत जुटाउनुपर्छ र  त्यसको स्रोत भनेका नागरिक नै हुन् । सरकारले नागरिकबाट प्राप्त गर्ने दस्तुर, जरिवाना, लाभांश, सेवा लगायतबाट राजश्वको स्रोत जुटाउँछ । त्यसकै आधारमा खर्च गर्ने र जनभावना तथा आवश्यकताको समेत परिपूर्ति गर्नुपर्छ । त्यसैले प्रायः सबै पालिकाहरुले बजेट सार्वजनिक गरिसकेको सन्दर्भमा अब त्यसको कार्यान्वयनको पाटो र त्यसको परिणामको अपेक्षा गर्नुपर्छ । वर्षाका बीच सार्वजनिक भएको बजेटले तत्–तत् क्षेत्रको सर्वाङ्गिण विकासमा योगदान दिन सक्यो भने त्यो नेतृत्व सफल भएको ठहरिने छ ।**

# सिमसारयुक्त पर्यटनका सम्भावना र चुनौति



**छविराज ढकाल**



मोरङको पथरीशनिश्चरे नगरका विभिन्न सामुदायिक वन तथा सिमसारहरूमा पर्यटनको प्रचुर सम्भावनाहरू सँगसँगै चुनौति देखिएका छन् । हाल यस नगरभित्रका विभिन्न सामुदायिक वन उपभोक्ता समूहको कुल क्षेत्रफल एक हजार छ सय ६१ दशमलव ५५ रहेको छ । नगरपालिकाको कुल ७९ दशमलव ८१ वर्ग किलोमिटर क्षेत्रफल मध्ये १५% यसै क्षेत्रमा रहेको छ ।

मोरङ जिल्लाका कुल एक सय ३५ सामुदायिक वन मध्ये यस पथरीशनिश्चरे नगरभित्र कुल १३ वटा सामुदायिक वनहरू रहेका छन् । जसमा चौतारी, हरियाली, सुन्दर, शान्ति, मनकामना, पशुपति, डाँस मोरङ्गी, भुल्के पशुपति, विशाल, सीता छ धारे, महिला जागृति, शिवालय मन्दिर धार्मिक वन तथा श्रीजङ्गा स्मृति धार्मिक वन हुन् । यस नगरपालिकाको सबैभन्दा पूर्वमा रहेको चौतारी सामुदायिक वन उपभोक्ता समूह कुल एक सय १५ दशमलव १९ हेक्टर जमिनमा फैलिएको छ ।

### वडा नम्बर २ का चौतारी, सुन्दर र हरियाली सामुदायिक वन उपभोक्ता समूहहरू

यस सामुदायिक वनका अध्यक्ष टंक कन्दङ्वाले यस समूहको क्षेत्रभित्र एक लोकप्रिय सेल्फी रोड र नागबेली सिमसार रहेको बताउनुभयो । दुई सय ५५ मिटर लामो र २६ मिटर चौडा भएको सो दलदले खोल्सीलाई सरसफाई गरी वन्यजन्तुलाई पानी पिउने दिगो स्रोत र नजिकैको मानव बस्तीमा गर्विलो सिँचाई सुविधा उपलब्ध गराउने र एक पर्यटकीय गन्तव्यको रूपमा यसलाई सिमसारको रूपमा विकास गर्दै लैजाने उद्देश्य रहेको उहाँले बताउनुभयो । उहाँले चालू आर्थिक वर्ष २०७९/०८० मा पथरीशनिश्चरे वडा नं. २ का कार्यालयले एक लाख ५० हजार रुपैयाँ र सोही वनकोसहित कुल चार लाख ५० हजारको लागतमा नागवेली पोखरी निर्माण गरिएको जनाउनुभयो । उहाँले  सेल्फी रोडको लोकप्रियता अझै बढाउन र सिमसारलाई पर्यटकीय क्षेत्र निर्माण गर्न गुरू योजना तयार गरिरहेको जानकारी दिनुभयो ।

त्यसैगरी, सुन्दर सामुदायिक वनको क्षेत्रफल ८९.११ हेक्टर छ । यसमा दुई सय १७ घरका एक हजार एक सय ७३ जनाले लाभ लिइरहेको छन् । यसमा एक सिमसारयुक्त पोखरी, एउटा सभाहल, जलकन्या देवीको मन्दिर र प्रवेशद्वार निर्माण भएका छन् । त्यस्तै पथरीशनिश्चरे-२ कै अर्को हरियाली सामुदायिक वन उपभोक्ता समूहको मातहतमा  हरियाली सामुदायिक वन लिमिटेडले गत जेठ २० गते नगर प्रमुख मोहनप्रसाद नुम्वापोबाट समुद्घाटन गर्दै पर्यापर्यटन प्रवर्द्धनका लागि विधिवत् सुविधासम्पन्न पौडी पोखरी र अन्य संरचनाहरु सञ्चालनमा ल्याएको छ ।

वि.सं. २०७६ मा गणेशमान स्मृति पुरस्कारबाट पुरस्कृत देशकै उत्कृष्ट सामुदायिक वन मध्ये हरियाली वन कुल दुई सय ४५.९४ हेक्टरमा फैलिएको छ । यस वनबाट एक हजार २८ घरका तीन हजार नौ सय ९१ जनसंख्याले प्रत्यक्षपरोक्ष लाभान्वित छन् । यस वनका उपभोक्ताहरू शेयरधनी रहेको यस हरियाली कम्पनीले एक व्यवस्थित पानीपोखरी (बाल-वयुस्क), महिला र पुरुष चेन्जिङ रूम, पानी फिल्टर मेसिन कोठा, शौचालय, चमेना गृह, टिकट काउन्टर, सुरक्षागार्ड, एटिसम रूम इन्टरलक, दक्षिण कम्पाउण्ड वाल आदि संरचनाहरु निर्माण गरेको छ ।

यो कम्पनीले नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट दुई करोड ७० लाख रुपैयाँ र स्थानीय स्तरबाट (हरियाली वन समूह) एक करोड ४६ लाख गरी जम्मा चार करोड १६ लाख रुपैयाँको बजेटबाट ति संरचनाहरू निर्माण गरेको थियो । हरियाली सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष काबुलबहादुर मगरले अन्य सामुदायिक वनहरू भन्दा फरक सोच र अवधारणा बनाई वन र वन्यजन्तुहरूको संरक्षण गर्दै आफ्ना उपभोक्ताहरूको लागि सीपमूलक आयआर्जन सुनिश्चित गरिएको जनाउनु भएको छ । स्थानीय स्तरमा एक दर्बिलो र दिगो विकासका लागि यो कम्पनी स्थापना गरेको कम्पनीका उपाध्यक्ष दिलबहादुर तामाङले बताउनुभयो ।












### वडा नम्बर १ मा रहेका सामुदायिक वन उपभोक्ता समूहहरु

वडा नं. १ मा रहेको शान्ति सामुदायिक वन एक सय ७८ दशमलव ९२ हेक्टरमा फैलिएको छ । यस वनभित्र हाल पर्यटकीय स्थल, बाल उद्यान, बोटिङ, पिकनिक तथा कार्यक्रम स्थल, शौचालय आदिको राम्रो प्रबन्ध रहेको शान्ति भुल्के कार्यकारी समितिका उपाध्यक्ष नवराज मिश्रले बताउनुभयो । यसै हिन्दु, बौद्ध र अन्य धार्मिक समुदायका धार्मिक संरक्षित क्षेत्रहरू छन् ।

पर्यटकीय दृष्टिले सुन्दर, शान्त र रमणीय वातावरणमा घुम्ने र झुम्ने आगन्तुकहरूको लागि भुल्के देवी मन्दिर, तीन पोखरी, जलधारायुक्त कुण्ड र अन्य देवस्थलहरू यहाँका लोकप्रिय आकर्षणहरू हुन् । यस क्षेत्रको पोखरीभित्र टापु र तीन पोखरी छेउका ड्यामहरुको संरक्षण गर्न संघीय सरकारबाट यस वर्ष ९० लाख रूपैयाँ विनियोजन भएको छ ।  पिकनिक स्पोर्ट  निर्माण भएका छन् । यतिबेला ड्याम र पोखरी बीचको टापुलाई जोगाउनै चुनौति छ । आवश्यक बजेट प्राप्त नहुनु र नहुँदा थुप्रै योजनाहरु अलपत्र पर्ने चुनौति देखिएका छन् ।

### वडा नम्बर १० का सामुदायिक वनहरू :

यस वडामा मनकामना, भूल्के पशुपति, पशुपति, डाँस मोरङ्गी, महिला जागृति, विशाल, शिवालय मन्दिर धार्मिक वन र सिरीजङ्गा स्मृति धार्मिक वन जस्ता वनहरू छन् । हाल सिमसार क्षेत्रको विकास भई पर्यटकको आकर्षक गन्तव्य बनेको मनकामना सामुदायिक वनभित्र माछापोखरीसहित प्राकृतिक दृश्यको अवलोकन गर्न सकिन्छ । ट्री हाउस र खाजाघर निर्माण भएपछि यतिबेला टिकटक बनाउने आन्तरिक र वाह्य पर्यटकहरूको बाक्लो भिड देख्न सकिन्छ । यी सामुदायिक वनहरू मध्ये डाँस-मोरङ्गी  सामुदायिक वन उपभोक्ता समूह १९४.०२ हेक्टरमा रहेको छ ।

यो वनका तीन सय ६३ घरधुरीका एक हजार छ सय ३० जना उपभोक्ता छन् । हाल सो वनभित्र मोरङ्गी खोला पश्चिममा पथरीशनिश्चरे नगरपालिका र उक्त सामुदायिक वन समूहको पाँच-पाँच लाख रूपैयाँको साझेदारी लगानीमा पिकनिक स्पोर्ट, शौचालय, पोखरी निर्माण कार्य भइरहेको सो समूहका अध्यक्ष मदन पोखेलले बताउनुभयो । शिवालय मन्दिर धार्मिक सामुदायिक वन आठ हेक्टरमा, सिरीजङ्गा स्मृति धार्मिक सामुदायिक वन १३ हेक्टरमा र विशाल सामुदायिक वन आठ हेक्टर क्षेत्रफलमा फैलिएका यस नगरका सामुदायिक वनहरु हुन् ।

### वन तथा सिमसारयुक्त पर्यटनको क्षेत्रमा नगरपालिकाको भूमिका

पथरीशनिश्चरे नगरकै भूगोल र नगरभित्रका मात्रै उपभोक्ता रहेका शान्ति, मनकामना, हरियाली, चौतारी, सुन्दर, पशुपति लगायतका सामुदायिक वनहरू र सिरीजङ्गा स्मृति धार्मिक सामुदायिक वन गरी सात वटा वनहरू छन् । पथरीशनिश्चरे नगर प्रमुख मोहनप्रसाद तुम्वापोले नगरभरि कै सिमसारहरूले प्रचुर सम्भावना बोकेकाले सोही अनुरुप आर्थिक वर्ष २०८०/०८१ का लागि बहुवर्षीय योजनाहरु अघी बढेको जनाउनु भयो ।

### जैविक विविधता र चुनौति

नगरभित्रका वनजंगलमा विभिन्न प्रकारका जीव, वनस्पति तथा जडीबुटी पाइन्छ । यहाँका वनमा हर्रो, बर्रो, सर्पगन्धा, कुरिलो, गुर्जो लगायतका औषधिजन्य जडीबुटी र वनस्पति पाइन्छन् । त्यस्तै साल, बोट धँगेरो, अस्मा, जमुना, क्यामुना, चिलाउने, कट्डुस लगायतका रुखहरू पनि प्रशस्त पाइन्छ । लोपोन्मुख प्रजाति बिरूवा सत्तीसाल, हर्रो, बर्रो अमला आदि हुन् । पछिल्लो समयमा वातावरण परिवर्तनसँगै अन्य वनस्पतिको संरक्षणमा चुनौति छ ।

तिते झार, ड्याङ्ग्री लहराहरू आदिको कारणले नयाँ बोटबिरुवाहरूको अस्तित्वमा संकट देखापरेका छन् । यी सामुदायिक वनहरूमा मृग, हरिण, बँदेल, स्याल, खरायो, दुम्सी, लूँइचे, भ्याकुरा, सिम कुखुरा, वन कुखुरा (कालिज), घुम्ने हात्ती, न्याउरी मुसा लगायतका वन्यजन्तुहरु पाइन्छन् । यिनीहरुको सही संरक्षण एवम् सम्बर्द्धन गर्न सके मात्रै जैविक विविधता कायम हुने र लाखौंको आम्दानी गर्न सकिने सम्भावना छ । नगरले पर्यापर्यटनको वृद्धिका लागि शुरू गरेका कामलाई  निरन्तरता दिँदैं अघि बढनुपर्छ । यसो गरेमा पथरीशनिश्चरे नगर पूर्वमै पर्यटन आकर्षणको प्रमुख केन्द्र बन्ने थियो कि ?

# युएईमा तीन नेपाली सम्मानित

**युएई, असार ११।** वैदेशिक रोजगारीको सिलसिलामा युएईमा श्रमरत तीन जना नेपाली सम्मानित भएका छन् ।

आफ्नो मेहनत, संघर्ष र आत्मविश्वासका कारण सफलताको एक बिन्दुमा पुगेका ताप्लेजुङकी सोनी भण्डारी, गुल्मीकी सरस्वती पौडेल र सुनसरीका श्री भवानी नेपाल सम्मानित भएका हुन् । युएईमा रहेका बेला नेपाल र नेपाली श्रमिकहरुको दुःखमा साथ, सहयोग र उद्धारमा सक्रिय रहेको भन्दै अन्तर्राष्ट्रिय नेपाली समाज, अन्तर्राष्ट्रिय सेफ सोसाइटी लगायत छ वटा संस्थाले सम्मान गरेका हुन् ।

समाजसेवी व्यक्तित्व बुबा चन्द्रप्रसाद भण्डारी, आमाद्वय धनमाया/देवीमाया भण्डारीकी माइली सुपुत्री, ताप्लेजुङ जिल्ला सिजंगा गाउँपालिका निवासी सोनी भण्डारीको सामाजिक सेवाप्रतिको योगदानको उच्च मूल्यांकन गर्दै सम्मान गरिएको आयोजक संस्था अन्तर्राष्ट्रिय सेफ सोसाइटीका अबुधाबी अध्यक्ष श्याम सेफले बताए ।

पछिल्लो समय कला, साहित्यको क्षेत्रमा पाइँला राख्दै 'मनै भरिन्छ...' बोलको गीतको रचना तथा स्वर दिएर नेपाली साङ्गीतिक क्षेत्रमा उपस्थिति जनाएकोमा सामाजिक सेवा अतिरिक्त साहित्य र साङ्गीतिक क्षेत्रमा पनि पूर्ण सफलताको कामनाको साथमा सम्मान गरिएको आयोजकले सम्मानपत्रमा उल्लेख गरेका छन् ।

युएईको नेपाली समुदायमा सक्रिय थोरै महिला सामाजिक अभियन्तामध्ये एक, ताप्लेजुङ समाज सेवा युएईकी पूर्व अध्यक्ष तथा हाल नेपाल रक्तदाता संघ युएई तथा इन्स युएईकी उपाध्यक्ष सोनी भण्डारीको शब्द तथा स्वरमा सजिएको नयाँ गीत मनै भरिन्छ को लोकार्पण तथा संयुक्त सम्मान कार्यक्रम आयोजना गरिएको थियो । भण्डारीको गीत सार्वजनिक हुँदा सहभागीहरु भावुक बनेका थिए ।

त्यसैगरी गुल्मी घर भई युएई आएर घरेलु कामदारदेखि पार्लर व्यावसाय हुँदै हाल ग्यारेज सञ्चालक भएर फरक व्यावसायका साथमा सामाजिक योगदान गरिरहेकी सरस्वती पौडेललाई पनि अन्तर्राष्ट्रिय नेपाली समाज लगायतका संस्थाहरुले दोसल्ला ओडाएर कदर पत्रका साथमा सम्मान गरेको कार्यक्रम संयोजक रामप्रसाद ढुंगेलले जानकारी दिए ।



गुल्मी समाज युएईकी उपाध्यक्ष समेत रहेकी पौडेल आफ्नो दैनिक कमाइको निश्चित प्रतिशत रकम छुट्याएर गरिव तथा जेहन्दार छात्रछात्रालाई बर्सेनि छात्रवृत्ति प्रदान गरिरहेकी छन् ।

त्यसैगरी वैदेशिक रोजगारीको सिलसिलामा विगत नौ वर्षदेखि युएईमा श्रमरत कवि/गजलकार तथा सामाजिक अभियन्ता श्री भवानी नेपाल पनि कदर पत्रका साथमा सम्मानित भएका छन् ।

बुवा महेन्द्रप्रसाद नेपाल आमा तारादेवी नेपालका जेठो सुपुत्र "श्री भवानी नेपाल" नेपाल सरकारको आधिकारिक साहित्यिक संस्था नेपाल प्रज्ञा प्रतिष्ठानको ६७औं वार्षिक उत्सवका उपलक्ष्यमा आयोजना भएको 'कविता महोत्सव-२०८१'मा वाचनको लागि 'उत्कृष्ट २५'मा पर्न सफल भएर डायस्पोराको नेपाली साहित्यको इज्जत उच्च राखेकोमा सम्मान स्वरुप कदर पत्र प्रदान गरिएको झापाली समाज युएईका अबुधाबी अध्यक्ष सूर्यबहादुर खवासले जनाएका छन् ।

अन्तर्राष्ट्रिय नेपाली समाज युएई, अन्तर्राष्ट्रिय सेफ सोसाइटी युएई, ताप्लेजुङ समाजसेवा युएई, सुनसरी समाज युएई, झापाली समाज युएई र ओखलढुंगा जागरुक युवा समाजले एउटै मञ्चमा संयुक्त सम्मान गरेका थिए । एनआरएनए एनसीसी युएई अध्यक्ष विकास शाहीको प्रमुख आतिथ्यमा आयोजना भएको गीत लोकार्पण तथा सम्मान कार्यक्रमको सभापतित्व सुनसरी समाज युएईका अध्यक्ष सुरेन्द्र लामाले गरेका थिए ।

नेपाल पत्रकार महासंघ युएईका सदस्य तथा युएईको नेपाली समुदायका सबैभन्दा सक्रिय पत्रकार उमाकान्त पाण्डे, पत्रकार कृष्ण कुँवर, प्रभु बैंकका प्रकाश पौडेल, तनहुँ समाज युएईबाट गणेश बस्नेत, शिशिर थापा, सिन्धुपाल्चोक समाजबाट अध्यक्ष दिपक राउत, ताप्लेजुङ समाज युएईबाट बुद्ध लिङ्देन, गुल्मी समाजबाट शंकर ढकाल, झापाली समाज युएईबाट महासचिव लोकेश कोइराला लगायत गजलकार राज यात्री लम्साल, गीतकार दिनेशराज पुरीको उपस्थिति थियो ।

झापाली समाज युएईका अबुधाबी अध्यक्ष सूर्यबहादुर खवासले स्वागत गरेको कार्यक्रममा सम्मानित व्यक्तित्व सोनी भण्डारीले ओखलढुंगाका काशीराम दाहाल, गीतकार दिनेशराज पुरी, प्राबिधिक सहयोगी भरत सिंह लगायतलाई मायाको चिनो हस्तान्तरण गरेकी थिइन् ।

स्थानीय तहको बजेट

# माई नगरको बजेट ६० करोड ९२ लाख

विमल दहाल

**माई, असार ११।** माई नगरपालिका इलामको नगरसभा तथा १५औं अधिवेशन सम्पन्न भएको छ। नगरसभाले आर्थिक वर्ष २०८१/८२ को ६० करोड ९२ लाख एक हजार रुपैयाँको आयव्याय पारित गर्दै सम्पन्न भएको छ।

नगरसभाका अध्यक्ष तथा माई नगरपालिकाका प्रमुख खम्वा सिं लिम्बूको सञ्चालन, अध्यक्षता एवम् नीति तथा कार्यक्रम प्रस्तुत, उपप्रमुख हीमा भण्डारीबाट आर्थिक बर्ष २०८१/०८२ को बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत र प्रमुख प्रशासकीय अधिकृत महेन्द्र विश्वकर्माको समन्वयमा सभा सम्पन्न भएको हो।

सभाले आर्थिक बर्ष २०८१/०८२ को लागि आय तर्फ संघीय समानीकरण तर्फ ११ करोड ४८ लाख, प्रदेश तर्फ ७० लाख ८९ हजार, राजश्व वाडफाँड संघ ११ करोड ७२ लाख, प्रदेश ६० लाख ८४ हजार, समपुरक संघ ५५ लाख, प्रदेश एक करोड ३० लाख, सशर्त संघ २३ करोड ६७ लाख ५८ हजार, प्रदेश एक करोड ३५ लाख तीन हजार र आन्तरिक नौ करोड ४३ लाख ६६ हजार गरी ६० करोड ८३ लाख एक हजार आय अनुमान गरेको छ।

सभामा आगामी वर्षको व्ययतर्फको क्षेत्रगत अनुमानित विनियोजन अन्तर्गत आर्थिक विकासतर्फ शिक्षा, पशु, सहकारी, उद्योग, पर्यटन क्षेत्र विकासका लागि दुई करोड ५५ लाख ५० हजार, सामाजिक विकासतर्फ शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, लक्षित समूह विकास तर्फ पाँच करोड ६३ लाख ४० हजार, पूर्वाधार विकासतर्फ सडक, झोलुङ्गेपुल, सिँचाई, भवन आदिको लागि नौ करोड १६ लाख ४० हजार रुपैयाँ, वन, वातावरण तथा विपद् व्यवस्थापनतर्फ सामुदायिक वन, भूसंरक्षण तथा जलाधार संरक्षण, फोहरमैला व्यवस्थापन, प्रकोप नियन्त्रण आदिका लागि एक करोड १८ लाख रुपैयाँ विनियोजन गरेको छ।




त्यस्तै संस्थागत विकास तथा सेवा प्रवाहतर्फ जनप्रतिनिधिको सेवासुविधा, कर्मचारी तलबभत्ता, कार्यालय सञ्चालन लगायत कामका लागि तोकिएका शीर्षकको खर्च गर्ने गरी ११ करोड ४२ लाख विनियोजन गरिएको नगर उपप्रमुख भण्डारीले जानकारी दिइन्। त्यस्तै संघ, प्रदेश सशर्त समपुरक अनुदानका लागि तोकिएका शिर्षकमा तोकिएको खर्च गर्ने गरी २६ करोड ८७ लाख ६१ हजार रकम विनियोजन गरिएको छ।

नगरसभाबाट वडागत रुपमा २५ लाखका दरले प्रस्तावित कार्यक्रम र बजेट पारित गरिएको छ। सभामा वार्षिक नीति तथा कार्यक्रम अन्तर्गत चालू आर्थिक वर्ष २०८०/०८१ को अनुमानित आम्दानी ६२ करोड ५६ लाख २१ हजार अनुमान गरिएकोमा हाल सम्म ५० करोड ५९ लाख १३ हजार अर्थात् ७२ दशमलब २७ प्रतिशत खर्च भएको जानकारी गरिएको थियो।

त्यस्तै नगरसभा सदस्य तथा माई-८ का वडा सदस्य शेरबहादुर बस्नेतले योजनाका विषयमा र माई-३ का वडा सदस्य देउमान लिम्बूले वडाबाट आएका योजना समावेश नभएको गुनासो सभामा प्रश्न गरेका थिए। दुबै नगरसभा सदस्यको गुनासोलाई नगर प्रमुख लिम्बूले छुटेका योजनालाई समावेश गर्न सकिने जानकारीसहित समाधान गर्ने गरी प्रतिबद्धता व्यक्त गरेका थिए।

लेखा समितिको प्रतिवेदन कार्यापालिका सदस्य खड्गसुन्दर योङहाङबाट प्रस्तुत गर्दै विभिन्न वेरुजु न्यूनीकरण गर्न सम्बन्धित शाखाकालाई प्रतिवदन मार्फत आग्रह गरेका थिए। सभामा न्यायिक समितिको प्रगति प्रतिवेदन सदस्य राजकुमार गड्तौलाले गरेका थिए। सबै प्रतिवेदन तथा नीति कार्यक्रम ध्वनी मतका साथ पारित भएको नगर प्रमुख लिम्बूले जानकारी दिए।

# फाल्गुनन्दको बजेट ५२ करोड ५३ लाख



युद्धबहादुर बोहोरा

**पाँचथर, असार ११।** फाल्गुनन्द गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि ५२ करोड ५३ लाख १९ हजार बजेट पारित गरेको छ।

गाउँपालिकाको १६औं अधिवेशनले उक्त बजेट सर्वसम्मत पारित गरेको हो। तोकिएको अवधिमा बजेट सार्वजनिक गर्दै सभाले आर्थिक वर्षका लागि गाउँपालिका अध्यक्ष बृजहाङ आङ्देम्बेले प्रस्तुत गरेको नीति तथा कार्यक्रम र उपाध्यक्ष ठाकुरसिंह नेम्बाङले प्रस्तुत गरेको बजेट, आर्थिक विधेयक र विनियोजन विधेयक संशोधनसहित सर्वसम्मतले पारित गरेको हो।

गत आवमा ५५ करोड १४ लाख ५० हजार छ सय १६ रुपैयाँ रहेको बजेट यस आवमा दुई करोड ६१ लाख हाराहारी कम भएको छ। ५५ लाख ५० हजार अनुमानित राजश्व मध्ये ४२ लाख ७४ हजार दुई सय ५६ रुपैयाँ मात्रै संकलन भएकोले चालू वर्षको अन्त्यसम्म ५४ लाख राजश्व संकलन हुने अनुमान गरिएको छ। चालू आवको जेठ मसान्तसम्ममा ३४ करोड ७६ लाख ७२ हजार ४८ रुपैयाँ ६३ प्रतिशत खर्च भएको छ भने आर्थिक वर्षको अन्त्यमा ८० प्रतिशतभन्दा माथि खर्च हुने अनुमान छ।

आगामी आवमा ६० लाख राजश्व संकलन हुने प्रक्षेपण गरिएसँगै संघीय सरकारबाट राजश्व बाडफाड वापत नौ करोड ११ लाख, संघीय वित्तीय समानीकरण वापत नौ करोड ९२ लाख, संघीय सशर्त चालू अनुदान बापत २४ करोड ५१ लाख, संघीय सशर्त पुँजीगत अनुदान वापत तीन करोड ५८ लाख रुपैयाँ र संघीय विशेष अनुदान वापत ७५ लाख प्राप्त भएको छ। प्रदेश सरकारबाट राजश्व बाँडफाड वापत ३४ लाख ५० हजार, प्रदेश वित्तीय समानीकरण वापत ६० लाख ३० हजार, प्रदेश सशर्त अनुदान वापत एक करोड ६२ लाख ५९ हजार, प्रदेश समपुरक अनुदान वापत ९९ लाख बजेट प्राप्त भएको छ।

त्यस्तै, गाउँपालिकाको मौज्दाततर्फ ५० लाख रहने अनुमान गरिएको छ। शिक्षा, स्वास्थ्य, कृषि तथा पशुपंक्षी, पूर्वाधार विकास क्षेत्रलाई प्रथामिकता राख्दै यस आवमा भाषा साहित्य कला तथा संस्कृतिको प्रवर्द्धनका लागि फाल्गुनन्द प्रज्ञा प्रतिष्ठान सञ्चालन गरिने नीति तथा कार्यक्रम ल्याइएको बताइएको छ।

# ३१५ जनालाई कानूनी सचेतना

**पाँचथर, असार ११।** नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान मार्फत फाल्गुनन्द गाउँपालिकाका सातै वडाका तीन सय १५ जनालाई कानूनी सचेतना सम्बन्धी तालिम दिइएको छ।

प्रतिष्ठान पाँचथर शाखाको आयोजना तथा पालिकाको सहयोगमा उक्त कार्यक्रम सम्पन्न भएको हो। न्यायिक समितिको बारेमा जानकारी गराउँदै सबैलाई न्यायको पहुँच वृद्धि गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको संस्थाका अध्यक्ष शंखध्वज नेम्वाङले जानकारी दिए।

न्यायिक कार्य सम्पादन, क्षेत्रधिकार, विवाह सम्बन्धी व्यवस्था, लैङ्गिक तथा घरेलु हिंसा, साइबर क्राइम र दुष्कृती लगायतका विषयमा मानव अधिकार मञ्च नेपाल इलामका तालिम सहजकर्ता याम माबुहाङ लिम्बूले सहजीकरण गरेको संस्थाका सचिव इन्द्रकुमार नेम्वाङले बताए।

मेलमिलाप सम्बन्धी न्यायिक प्रक्रिया निवेदन, उजुरी, प्रतिवाद, प्रतिउत्तर, म्याद, तारिख, मेलमिलापकर्ता छनौट, केन्द्रको भूमिका, कर्तव्य, दायित्व लगायत विषयमा पालिकाका न्यायिक समितिका उजुरी प्रशासक थमराज न्यौपानेले प्रशिक्षण दिँदै हालसम्मको न्यायिक समितिको प्रतिवेदन र कार्यसम्पादन बारे जानकारी गराए।

ज्येष्ठ नागरिक, किशोर-किशोरी, मेलमिलापकर्ता, जनप्रतिनिधि राजनीतिक दलका प्रतिनिधि, संघ-संस्था र लक्षित वर्ग साथै अगुवाहरुलाई प्रशिक्षण गराइएको कार्यक्रममा सातै वडाका ७० प्रतिशतभन्दा बढी महिलाको उपस्थिति थियो। असार ४ गतेदेखि सञ्चालन गरिएको तालिम १० गते समापन गरिएको हो। पालिकाका न्यायिक समितिका संयोजक ठाकुरसिंह नेम्बाङको प्रमुख आतिथ्यमा समापन गरिएको संस्थाका अध्यक्ष नेम्वाङले जानकारी दिए।



# उदयपुरका किसान केराखेतीमा आकर्षित

**उदयपुर, असार ११।** कटारी नगरपालिका-८ का किसानलाई दुम्सी, सुगा र बाँदरबाट खेती जोगाउन समस्या भएपछि उनीहरु वैकल्पिक खेतीमा आकर्षित भएका छन्।

मकै, कोदोबालीलाई जङ्गली पशुपंक्षीले सखाप पारेपछि उनीहरु केराखेतीमा लागेका हुन्। केराखेतीबाट आम्दानी हुन थालेपछि आफूहरु व्यावसायिक रूपमै खेती गर्न थालेको किसान लाखबहादुर राई बताए।

भोटाङ्गे, मर्चे, जहाजी जातका केराखेती गरिरहेका किसानको मुख्यबजार पहाडी जिल्ला सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ बनेको छ। किसान साङ्दोर्जे तामाङले मकै सखाप पार्ने दुम्सी, सुगा चराबाट आजित हुनु नपरेको बताए।

स्थानीय किसानले थोरैमा प्रतिघर बर्सेनि रु. ५० हजारदेखि दुई लाखसम्म केराबाटै आम्दानी लिने गरेका जनाइएको छ। पाखो झाडी सफा गरेर केराखेती शुरु गरेका किसानले यसैलाई पहिलो नगदे बालीका रूपमा मन पराउन थालेको कटारी-८ वडाध्यक्ष नवीन्द्र तामाङले बताए। नौ रोपनी जग्गामा केराखेती गरिरहेका ढापटारकै मोहन कोइरालाले व्यापारीले बारीमै प्रतिखापा रु. ५० ले लैजाने गर्दा आम्दानी राम्रो भएको बताए।

वडाध्यक्ष तामाङका अनुसार वडाका हलेदे, मरुवाखानी, केराबारी, पटना, कवासे, गेरु, सिक्रे, ढापटार, वड्मी, माटे, खलङ्गेका गरी चार सय ५० हाराहारीका किसानले केराखेती गर्दै आइरहेका छन्। केराखेती फस्टाएपछि कृषि ज्ञान केन्द्रले पनि खेती प्रणाली सम्बन्धी तालिम किसानलाई दिइसकेको छ।

तालिम लिएपछि झनै केराखेतीमा हौसिएका किसानले वडालाई केरा पकेट क्षेत्र बनाउन माग गरेका छन्। परम्परागत अन्नखेतीभन्दा केराबाट तेब्बर आम्दानी हुने गरेको किसान बताउँछन्।


**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२
९८०१३६४०९३

**उच्च गुणस्तर सुलभ मूल्य**
**सयपत्री बालुवा प्रशोधन उद्योग**

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।

सम्पर्क :
९८०४९५४४००,
९८६६२४२४६६
अर्जुनधारा नपा- ४, झापा

**नेपालीहरुको लागि भरपर्दो सेवा**
**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**



Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ।

पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

*नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ।*
Youtube Channel : Nishat M jotic kendra

**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*





सम्पर्कः दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर

| देवराज गिरी | विशाल हरिजन |
| --- | --- |
| ९७०६१९६४०६ | ९८१४९१७७११ |
| ९८४२०७०५८६ | ९८४२७३३६१२ |

**बराल ट्याक्सी सर्भिस**

दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

| छुट्ने समय | | सम्पर्क (चालक) | |
| --- | --- | --- | --- |
| दमकबाट : | बिहान ६ बजे | सन्तोष | जीवन कार्की |
| बिर्तामोडबाट : | बिहान ७ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| मंगलबारेबाट : | दिउसो १२ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)


"इन्द्रै विन्ती गरुन् झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो"

## भावपूर्ण श्रद्धाञ्जली/समवेदना



जन्म : वि.सं. २०१५ साल

निधन : वि.स. २०८१ साल असार २ गते

**स्व. दीर्घबहादुर थापा**

हाम्रा आदरणीय दाजु तथा अनन्य मित्र/गुरू तथा बडिबुवा, पूर्व शिक्षक एवम् कनकाई नगरपालिका वडा नं. ६ का वडा अध्यक्ष **श्री दीर्घबहादुर थापा**को यही मिति २०८१ असार २ गते भएको असामयिक निधनले हाम्रो परिवार स्तब्ध एवम् मर्माहत बनेको छ। दुःखको यस घडीमा उहाँको आत्माको चिरशान्ति र गोलोकगमनको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

साथै दुःखको यस घडीमा शोकसन्तप्त उहाँकी धर्मपत्नीहरू भद्रादेवी निरौला थापा र इनमाया कटुवाल थापा, छोरा रूद्र थापा, बुहारी उषा बिष्ट थापा, छोरा विशाल थापा, छोरी-ज्वाइँ बबिता थापा-सन्तोष थापा, तीन नाति, एक नातिनी लगायत सम्पूर्ण परिवारजनमा शोकसहन गर्ने शक्ति परम्पिता परमेश्वरबाट प्राप्त होस भन्दै गहिरो समवेदना प्रकट गर्दछौं।

**चन्द्रकान्त ढकाल/अम्बिका ढकाल**
**सुमन ढकाल/रेखा नेपाल ढकाल/सुशीला ढकाल/सुजता ढकाल**
एवम् **समस्त ढकाल परिवार**
बिर्तामोड-१, झापा

## जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं।

सार्वजनिक सम्पति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं।

**बिर्तामोड नगरपालिका**
बिर्तामोड, झापा, कोशी प्रदेश



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
विपरीत लिङ्गीसाथीबाट सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको आजको दिन उत्तमसिद्धी रहेको छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढ्नेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
मेहनतले राम्रो परिणाम प्राप्त हुनेछ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय रहेको छ, दाम्पत्य जीवन सुखी रहला, उत्साह बढ्ने योग रहेको छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
समय दिन नसक्दा बन्न लागेको काम बिग्रन सक्ला, व्यवसायमा नोक्सानी व्यहोर्नुपर्ला, भैपरी आउने खर्चले चिन्ता बढाउन सक्ला सचेत रहनुहोला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको राम्रो प्रभावमा वृद्धि हुनाले काम बन्नेछ र मन प्रफुल्ल रहला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मावली पक्षबाट अशुभ समाचारको योग छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ताव आउनेछ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछ, प्रसंशकहरू बढ्नेछन्, मन प्रसन्न रहला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
मिश्रित फलको समय छ, काममा उतारचढाव आउन सक्छ, खानपानमा ध्यान दिनुहोला, स्वास्थ्य त्यति राम्रो हुने छैन।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धिको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ।